आज मिति २०८३ साल आश्विन महिनाको २६ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाको अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

१. अध्यक्ष - श्री लोकेन्द्र बहादुर घले
२. उपाध्यक्ष - श्री मिङमार ढोमा लामा
३. सदस्य - श्री खडग जंग गुरुङ
४. सदस्य - श्री मंगल देव गुरुङ
५. सदस्य - श्री विनोद लामा
६. सदस्य - श्री लोप्साङ लामा
७. सदस्य - श्री फुलमाया गुरुङ (का.वा. वडा अध्यक्ष)
८. सदस्य - श्री दो पाल्मा लामा
९. सदस्य - श्री कान्छी गुरुङ
१०. सदस्य - श्री नविना परियार
११. सदस्य - श्री गम माया गुरुङ
१२. सदस्य - श्री गणेश घले
१३. सदस्य - श्री फूर्पा फिन्जो घले
१४. सदस्य सचिव- श्री विना देवी शर्मा

अन्य उपस्थितिहरु :

१. नम नारायण मल्ल लेखा अधिकृत, चामे गाउँपालिका कार्यालय
२. रविन श्रेष्ठ ईन्जिनियर, चामे गाउँपालिका कार्यालय
३. डिल बहादुर गुरुङ जनस्वास्थ्य निरिक्षक, चामे गाउँपालिका कार्यालय
४. सुरेश कुमार शर्मा प्रशासन सहायक, चामे गाउँपालिकाको कार्यालय

**प्रस्तावहरुः**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा ।

२. विपद व्यवस्थापनको लागी तत्काल गर्नुपर्ने कार्य सम्बन्धमा ।

३. विधालय संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

४. स्कर्पियो गाडी मर्मत विल सम्बन्धमा ।

५. नेपाल प्रहरीको लागी बिल भुक्तानी सम्बन्धमा ।

६. धरौटी बाट बेरुजु असुली सम्बन्धमा ।

७. विपद उद्दार सामाग्री हस्तान्तरण सम्बन्धमा ।

८. विविध ।

**निर्णयहरु :**

१. चामे गाउँपालिकाको गाउँ कार्यपालिकाको यस अघि गरेका निर्णयहरुको कार्यान्वयन अवस्था विश्लेषण सहित समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ को सम्बन्धमा चामेमा मिति २०८३/०६/१० र ११ गते आएको भिषण बाढी तथा पहिराले चामे गाउँपालिका भित्र क्षती बनाएको विवरण तपशिल बमोजिम वडाहरुबाट प्राप्त भएकोले उक्त विवरण जिल्ला प्रशासन कार्यालय चामे मनाङ तथा अन्य निकायमा पठाउने निर्णय गरियो ।

तपशिल :

१. वडा नं. १ मा कुनै पनि क्षती नभएको ।

२. वडा नं. २ मा २ वटा घर आंशिक क्षती भएको ।

३. वडा नं. ३ मा २ वटा घर पूर्ण क्षती र १ वटा घर आंशिक क्षती भएको ।

४. वडा नं. ४ मा ९ वटा घर पूर्ण क्षती र ६ वटा घर आंशिक क्षती भएको ।

५. वडा नं. ५ मा ६ वटा घर पूर्ण क्षती, १ वटा घर आंशिक क्षती र १ वटा योजना "तातोपानि कुण्ड माथि जाली ट्रस निर्माण" पूर्ण क्षती भएको ।

३. प्रस्ताव नं. ३ को सम्बन्धमा चामेमा मिति २०८३/०६/१० र ११ गते आएको भिषण बाढी, पहिरोले गर्दा विधार्थीहरुलाई विधालय आवतजावत गर्न कठिनाई भएको कारणले गर्दा मिति २०८३/०६/१२ गतेदेखी विधालय बन्द रहेकोमा मिति २०८३/०६/३० गते सम्म विधालयमा

पठनपाठन कार्य बन्द गरि सो विदाको अवधि हिउँदे विदाबाट मिलान गर्ने, साथै दशै पश्चात मिति २०८३/०७/१० गतेबाट पुनः विधालय सूचारु गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा पालिकामा रहेको BAA 1525 नम्बरको स्कर्पियो जिप वि. वि. इनकरपोरेट प्रा. लि. (बतास) मा मर्मत गर्दा खर्च भएको रु. ४,२९,२००।- (मु.अ.कर समेत) रकम पालिकाको गाडी मर्मत शिर्षकमा बिनियोजन भएको रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा नेपाल प्रहरीको विभिन्न अस्थायी पोष्टका लागी भाँडाकुँडा खरिद गर्न रु. ५० हजार भैपरि आउने चालु खर्च शिर्षकबाट विनियोजन गरि भुक्तानीका लागी सिफारिस गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा लोकप्रिय मा.वि. गर्ल्स होस्टल निर्माण गर्दा पराजुली कन्स्ट्रक्सनको नाममा रु. ९,२६,२०९। र आर. वि. निर्माण सेवाको नाममा रु. १,३८,३१६। असुल गर्नुपर्ने बेरुजु कायम भएको, उक्त रकम निर्माण व्यवसायीलाई जानकारी गराउदा पनी दाखिला नगरेकोले उक्त रकम सम्बन्धीत फर्मको नाममा रहेको धरौटी बाट असुल उपर गर्ने र नपुग रकम असुल उपरको लागी पत्राचार गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाले आ.व. २०८३/०८४ को स्वीकृत कार्यक्रममा विपद सामाग्री खरिद शिर्षकमा बजेट विनियोजन भएकोले विभिन्न विपद सामाग्रीहरु खरिद गरिएकोमा उक्त सामाग्रीहरु तपशिल बमोजिम हस्तान्तरण गर्ने निर्णय गरियो ।

तपशिल :

| विवरण | इकाई | नयाँ भैरवि दल गुल्म मनाङ | जिल्ला प्रहरी कार्यालय, मनाङ | सशस्त्र प्रहरी बल मनाङ | स्वास्थ्य संस्था | वडा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| First Aid emergency medical bag | pcs | ० | ० | ० | ३ | २ | |
| Fire extinguiser | pcs | २ | २ | २ | ३ | ३ | |
| Portable oxygen can | pcs | २० | २० | २० | ० | ० | |
| Spinal board | pcs | २ | २ | २ | ० | ० | |
| Oxygen Mask | pcs | ५ | ५ | ५ | ० | ० | |
| Petrol chain saw | pcs | १ | १ | १ | ० | ० | |
| Bp set | pcs | १ | १ | १ | ० | ० | |
| Pulse oxymeter | pcs | ३ | ३ | ३ | ० | ० | |
| Hypothermic blanket | pcs | ३ | ३ | ३ | ० | ० | |
| Death body bag | pcs | ० | १५ | ० | ० | ० | |
| Oxygen screw | pcs | २ | २ | २ | ३ | ० | |
| Pain killer spray | pcs | १० | १० | १० | १५ | ० | |

८. बजेट विनियोजन सम्बन्धमा ।

चामे गाउँपालिका स्थित मनाङ जिल्ला अदालतमा प्रतिक्षालय निर्माण कार्यको लागी भैपरी आउने पूँजीगत शिर्षकमा रहेको बजेटबाट रु.५,००,०००/- (अक्षरुपी पाँच लाख रुपैया मात्र) विनियोजन गरि कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।